हाम्रो आफ्नै शब्दमा

# मेरी नायिका



छोटा र काल्पनिक किशोरकथाहरू

हाम्रो आफ्नै शब्दमा

# मेरी नायिका

छोटा र काल्पनिक किशोरकथाहरू

एलिशामा समर्पित

सर्वाधिकार ©
यस पुस्तकमा भएका कथाहरूको सर्वाधिकार सम्बन्धित सिर्जनाका लेखक तथा चित्रकारमा निहित छ। यस पुस्तकका प्रकाशकहरूसित गैर-व्यावसायिक उद्देश्यका लागि सामग्री साझा गर्नका निम्ति सीमित प्रतिलिपि अधिकार रहेको छ।

**हाम्रो आफ्नै शब्दमाः मेरी नायिका**
**छोटा र काल्पनिक किशोरकथाहरू**

आवरण चित्रः सृजा श्रेष्ठ

बर्षः २०७८

यो पुस्तक ब्रिटिश काउन्सिल नेपाल, रूम टु रिड नेपाल, युनिसेफ नेपाल, अनुराधा र वीरांगना कमिक समूहको सहयोगमा तयार पारिएको हो।

साझेदारहरू

सिर्जनात्मक सहकार्य

## हाम्रो आफ्नै शब्दमा: मेरी नायिका

यस पुस्तकमा संकलित कथाहरू नेपालका विभिन्न भागमा बस्ने १० देखि १४ वर्षको उमेर समुहका बालबालिकाहरूले लेखेका हुन् । यी कथाहरू *'मेरी नायिका'* विषयवस्तुमा आधारित छन् । आ-आफ्ना कथाको माध्यमबाट कथाकारहरूले समाजमा विद्यमान विभेदयुक्त लैंगिक भूमिका तथा मुद्दाहरूलाई उठान गरेका छन् । उनीहरूले हाम्रो जीवनमा उज्यालो ल्याउने नायिकाहरूलाई समेट्ने गरी थुप्रै यादगार पात्रहरूको चित्रण गरेका छन् ।

संकतलित कथाहरूलाइ आफ्नो बुझाईका आधारमा चित्रकारहरूले सिर्जनात्मक अभिव्यकत्तिको रूपमा विविध चित्रहरू तयार पारेका छन् ।

रमाइलो मानेर पढ्नुहोला ।

## सावधान:

यस कथा संग्रहमा जातिय विभेद, बुलिंग, आत्महत्या, मृत्यु र क्यान्सर जस्ता विषयवस्तुहरू समावेश गरिएका छन् जसको कारणले पाठकहरू मध्ये केहीमा मानसिक तनाव सिर्जना हुनसक्छ । त्यसैले यो संकेत ❗ राखिएका कथाहरू पढ्नका लागि बालबालिकालाई अभिभावकको मार्गनिर्देशन सुनिश्चित गर्न सुझाव दिन्छौं ।

## सामग्री सूची


१ **टुल्की**
लेखक: आदर्श चौलागाईं, चित्रकार: क्रिशा जोशी

१३ **उदाहरण बनेकी सीता**
लेखक: अभिनव साउद, चित्रकार: नीति श्रेष्ठ

२५ **सबै बराबर**
लेखक: अनुज्ञा, चित्रकार: शुभा जोशी

३९ **राजकुमारी माकेडा**
लेखक: गौरव पुरी, चित्रकार: जेविश शाक्य

५३ **नौलो जीवन**
लेखक: कलश सुन्दास, चित्रकार: एलिशा थापा

६७ **गलत निर्णय**
लेखक: केभिन, चित्रकार: अनुश्री लामा

७९ **आगो**
लेखक: सौरभ, चित्रकार: विश्व मानन्धर

९१ **गाउँकी आदर्श छोरी**
लेखक: समिक्षा, चित्रकार: शृजा श्रेष्ठ

१०३ **ओझेलमा परेकी नायिका**
लेखक: श्रेया पौड्याल, चित्रकार: रिचेन सिंह

११७ **मृत्युको जीवन**
लेखक: ताज, चित्रकार: पुर्णिमा राई

# टुल्की

लेखक परिचय

**आदर्श चौलागाईं**लाई कल्पना, रचनात्मक र रमाइलो संसारमा जिउन मनपर्छ । लेखन र चित्रकारिताले उनलाई मोहित पार्छ । उनी जिज्ञासु छन् । उनलाई साथीहरूसित गफ गर्न निकै रमाइलो लाग्छ ।

चित्रकार परिचय

**क्रिशा जोशी** २१ वर्षकी कलाकी विद्यार्थी हुन् । काठमाडौँमा अध्ययनरत उनी चित्र कोर्न, पोर्ट्रेट तथा कमिक्स बनाउन र पढ्न मन पराउँछिन् । उनी सकेसम्म हरेक दिन केही सिक्न र अन्वेषण गर्न चाहन्छिन् । उनको लक्ष्य विभिन्न शैली र विधामा चित्र कोर्नु र एनिमसन गर्नु हो ।







"मलाई विद्यालय पढ्न पठाउनुस् न आमा । म धेरै पढ्न चाहन्छु ।"
सधैँ जस्तो आज पनि टुल्कीले आमासँग अनुरोध गरिन् ।

"नचाहिने कुरा नगर । एकदिन तिमी बिहे गरेर गइहाल्छौ । अनि, बुबाले तिम्रो पढाइमा किन खर्च गर्ने? हामीले तिमीलाई धेरै पटक भनिसकेका छौँ । तिमी विद्यालय गएर केही फाइदा छैन । बरू तिमीले घरका केही काम गर्न सिक । यो राम्रो हुने छ ।" टुल्कीकी आमाले भन्नुभयो ।


टुल्कीको जन्म एउटा थारू परिवारमा भएको थियो । उनको एउटा भाइ पनि थियो । भाइ विद्यालय जान्थ्यो तर उनी विद्यालय जान पाउँदैन थिइन् । विद्यालय त जान्थिन् तर भाइलाई पुऱ्याउन मात्र । भाइलाई पुऱ्याउन जाँदा उनले विद्यालयमा आफूजस्तै केटीहरू पनि देख्थिन् । विद्यालयको पोशाकमा ती केटीहरू कक्षामा बसिरहेका र चौरमा हिँडिरहेका हुन्थे । यस्तो देख्दा टुल्की पनि विद्यालयको पोशाक लगाएर कक्षामा पढिरहेको सपना देख्थिन् ।



'टुल्कीले पनि काम गरोस् । यसले परिवारलाई पनि आर्थिक सहयोग हुन्छ ।', उनका बुबा यस्तै चाहन्थे । त्यसैले एकदिन, उनका बुबाले टुल्कीलाई मालिकको घरमा लगे । उनीहरूले त्यहाँ हाकिमलाई भेटे ।

"टुल्कीलाई पनि काम दिनु पर्‍यो । अब यसले पनि काम गर्छ ।" बुबाले हाकिमसँग अनुरोध गरे । यो सुनेर टुल्कीलाई रूनै मन लाग्यो । टुल्कीका दुवै आँखाबाट बर बर आँसु झरे ।

"तिमी किन रोएको? तिमीलाई के भयो?
सबै ठिक छ नि?", हाकिमले टुल्कीलाई सोधे ।







"म पनि अरू केटीजस्तै विद्यालय जान चाहन्छु । म पढ्न चाहन्छु ।" टुल्कीले साहस बटुलेर आफ्नो मनको कुरा राखिन् । उनका बुबाले उनलाई रोक्न खोज्दै थिए तर टुल्कीले खरर आफ्नो कुरा भनिहालिन् ।

"यसको छिट्टै विवाह हुन्छ । विवाह गरेर जानेले किन पढ्नु पर्‍यो? त्यसै पनि म यसलाई विद्यालय पठाउन सक्दिनँ । यसको बिहेका लागि पैसा बचाउनु परेन?" टुल्कीका बुबाले भने ।

"तपाईँलाई त आफ्नी छोरीप्रति गर्व हुनुपर्ने । उनी पढ्न र पढेर असल मानिस हुन चाहन्छिन् । उनले शिक्षा पाइन् भने घर-परिवारलाई आर्थिक सहयोग पनि त हुनेछ । तपाईँ उसलाई किन रोक्दै हुनुहुन्छ? टुल्कीको शिक्षाको लागि बरू मै पैसा तिर्दिन्छु ।" मालिकले भने । हाकिमका कुरा सुनेर बुबालाई के भनौँ के भयो । अनि "हुन्छ, त्यसो भए" भन्दै बुबाले हाकिमको कुरामा सहमती जनाए ।

केही दिनमै टुल्की विद्यालयमा भर्ना भइन् । कक्षामा उनी साथीहरूभन्दा ठुली थिइन् । सुरू सुरूमा उनलाई अलि अप्ठ्यारो पनि लाग्यो । तर टुल्कीले यसको कुनै मतलब नगरी ध्यान दिएर पढ्न थालिन् ।





उनी अब कक्षामा अब्बल विद्यार्थी बनिन् । परीक्षामा पनि उनले राम्रो अंक हासिल गरिन् । शिक्षकहरूले उनको प्रशंसा नगरेको दिनै हुन्नथ्यो । यसले गर्दा अझ उनलाई पढाइमा हौसला मिल्यो । उनले निरन्तर मिहिनेत गरिरहिन् ।



पछि गएर टुल्की आफ्नै विद्यालयको शिक्षिका हुँदै प्रधानाध्यापकसमेत बनिन् । उनको आम्दानी पनि राम्रो भयो । यसले परिवारको आर्थिक अवस्था पनि सुध्रियो । गाउँलेले पनि उनीप्रति गर्व गरे । समाजमा छोरी शिक्षित हुनुको महत्वबारे टुल्की उदाहरण बनिन् ।

"छोरी शिक्षित भएमा सम्पूर्ण समाज शिक्षित हुन्छ ।" टुल्की यसो भन्दै बालिका

शिक्षामा जोड दिन्थिन् । यसले गर्दा गाउँका धेरै बालिकाले पढ्ने मौका पाउन थाले । 'छोराछोरी दुवैलाई समान अवसर दिनुपर्छ । समान तरिकाले पढाउनु पर्छ' भन्ने कुरा सबै गाउँलेले बुझे । यसरी समाजलाई असल बाटो देखाउन पाएकोमा टुल्की पनि धेरै खुसी थिइन् ।








# उदाहरण बनेकी सीता

लेखक परिचय

**अभिनव साउद**को स्थायी घर बैतडीको शिवनाथ-१ मा हो तर उनी काठमाडौँमै जन्मेर हुर्किएका हुन् । उनलाई कथा र कविता लेख्न मन लाग्छ । यसबाहेक सूचना प्रविधिप्रति उनको धेरै रूची छ ।

चित्रकार परिचय

**नीति श्रेष्ठ** एक चित्रकार, ग्राफिक डिजाइनर र बालकथा लेखक हुन् । उनी काठमाडौँमा बस्छिन् । उनी कथावचनका साथै कला सामग्रीको प्रयोगमा पनि विभिन्न माध्यमको प्रयोग गर्न रूचाउँछिन् । उनले सन् २०१८ मा ललितकला विषयमा स्नातक तहसम्मको अध्ययन सकिन् । त्यसपछि उनले विभिन्न लेखक तथा संस्थाका साथ विभिन्न परियोजनामा संलग्न भई काम गरिरहेकी छिन् ।







सीता बुबासित गाउँमा बस्थिन् । त्यस गाउँका मानिस छोराछोरी पढाउनुपर्छ भन्ने कुरालाई महत्व दिँदैन थिए । सीताका बुबा ज्यामी काम गर्थे । उनी अरू गाउँलेभन्दा फरक तरिकाले सोच्थे । उनी आफ्नी छोरी सीतालाई धेरै पढाउन चाहन्थे । त्यसैले उनी धेरै मिहिनेत गर्थे । मिहिनेत गरेर पैसा कमाई सीताको विद्यालय शुल्क तिर्नुहुन्थ्यो ।

सीता पनि बुबाको मिहिनेतलाई साह्रै बुझ्थिन् । उनी धेरै मिहिनेत गरेर पढ्थिन् । आफ्नो कक्षामा उनी उत्कृष्ट विद्यार्थी थिइन् । पढाइसँगै उनी आफ्नो बुबालाई पनि सघाउँथिन् ।



सीताको कक्षामा रवि भन्ने केटा पनि पढ्थ्यो । रवि केटीहरूलाई धेरै हेप्थ्यो ।

एकदिन, सीता विद्यालयबाट घर फर्कँदै थिइन् । बाटोमा उनले रविलाई देखिन् । रवि एकजना वृद्धलाई जिस्क्याँउदै थियो । दुःख दिँदै थियो । ती पाको उमेरका मानिस भने रविलाई केही नगरी चुपचाप हिँड्न खोजिरहेका थिए । ती मानिसलाई चोट लागेर हिँड्न गाह्रो भइरहेको थियो । सीता उनको नजिकै गइन् ।

"रवि, किन उनलाई दुःख दिएको ? किन जिस्क्याएको ? वृद्ध मानिसलाई सहयोग पो गर्नु पर्छ ।" यसो भन्दै सीताले ती वृद्धलाई सहयोग गरिन् ।





"बढी जान्ने हुनु पर्दैन । केटी मान्छे भएर ठुला कुरा गर्छे । काम नलाग्ने केटी । केटीहरूको काम नै रुने र गुनासो गर्ने हो । त्यसमाथि तँ त गरिब घरकी । गरिबहरू त झन् मूर्ख हुन्छन । हामी त धनी छौँ । त्यसैले बुद्धिमान पनि छौँ ।" "रविले रिसाउँदै भन्यो ।


सीताले रविको कुरालाई ध्यान नै दिइनन् । उनले ती मानिसलाई उनकै घरसम्म जान सहयोग गरिन् ।



"मलाई सहयोग गरेकोमा तिमीलाई धन्यवाद । तिमी साह्रै असल रहिछ्यौ ।" ती मानिसले सीतालाई भने ।

"तपाईँलाई सहयोग गर्न पाएकोमा म खुसी छु । तर, मैले तपाईँलाई यसअघि देखेकी थिइनँ । यस गाउँमा भर्खर आउनु भएको हो र ?" सीताले ती मानिसलाई सोधिन् ।

"हो, म आजै बिहान मात्र यहाँ आइपुगेको नानी । यसो गाउँतिर घुम्नु पर्‍यो भनेर निस्किएको थिएँ । बाटोमा हिँड्दाहिँड्दै अल्झिएर लडेँ । गोडा पनि मर्किया । त्यो बाबूले जिस्क्याएर हैरान् ।" ती बूढा मानिस मुस्कुराए ।



ती मानिसले सीताको घरपरिवार र विद्यालयको बारेमा पनि सोधे । आफ्ना केही कुरा पनि भने । विद्यालयका बारेमा पनि कुराकानी गरे । सीताले आफ्नो घर आएर बुबासँग ती मानिसका बारेमा कुरा गरिन् । छोरीले यसरी सहयोग गरेको सुनेर बुबा पनि खुसी भए ।



भोलिपल्ट विद्यालय जाँदा सीता त छक्क परिन् । विद्यालय प्रार्थनाको समय थियो । सबै विद्यार्थी लाइनमा उभिएका थिए । अगाडि शिक्षक, शिक्षिका र सहप्रधानाध्यापक थिए ।

सँगै हिजो सीताले सहयोग गरेका पाको उमेरका मानिस पनि थिए । ती मानिसलाई त्यहाँ देखेर सीता र रवि दुवैजना तीन छक परे ।

उनी त यस विद्यालयको नयाँ प्रधानाध्यापक पो रहेछन् । "उहाँ श्रीकान्त सर हुनुहुन्छ ।



हाम्रो विद्यालयका नयाँ प्रधानाध्यापक । आज हामी उहाँलाई विद्यालयमा हार्दिक स्वागत गर्दछौँ ।" सहप्रधानाध्यापकले नयाँ प्रधानाध्यापकका बारेमा बताए ।

यो देखेर रविलाई के गरौँ र कसो गरौँ भयो । सीतालाई भने असाध्यै खुसी लाग्यो ।

नयाँ प्रधानाध्यापकले सीताका बुबालाई स्कूलमा बोलाए । सीताले उनलाई गरेको मद्दतबारे बुबालाई सबै बताए । सीता राम्रो विद्यार्थी हुनाले उनलाई विद्यालयले छात्रवृत्ति दिने निर्णय गरेको जानकारी पनि बुबालाई दिए ।



यसबाट सीतालाई झन् हौसला मिल्यो । उनले धेरै मिहिनेतसाथ पढ्दै गइन् । पछि त उनी त्यही विद्यालयको प्रधानाध्यापक भइन् । श्रीकान्त सर पनि त्यही गाउँमा बस्थे । उनी निकै वृद्ध भइसकेका थिए । तर उनी सधैँ सीताप्रति गर्व गर्थे ।

रविको बुबाले भने आफ्नो व्यवसायमा ठुलो नोक्सानी बेहोर्नु पर्‍यो । उनीहरूलाई घर खर्च जुटाउन पनि हम्मेहम्मे पर्न लाग्यो । यसैले गर्दा रविले भने बीचैमा पढाइ छाड्यो ।






सीता प्रधानाध्यापक हुँदा रवि यसै हल्लिएर हिँडिरहेको हुन्थ्यो । सीतालाई रविको यो चाला राम्रो लागेन । सीताले उसलाई केही तालिम लिन मद्दत गरिन् । त्यसपछि रविले एउटा पसल खोल्यो र त्यहाँबाट राम्रो आम्दानी गर्न थाल्यो ।

“पहिला आफूले गरेको नराम्रो व्यवहारप्रति म लज्जित छु । मलाई माफ गरिदेऊ । मेरो लागि तिमी नै नायक हौ सीता ।” रविले सीतासँग सधैँ भन्ने गर्थ्यो ।



# सबै बराबर ❗


लेखक परिचय

**अनुज्ञा** आफ्नो रचनात्मक दिमागलाई अन्वेषण गर्न कलम चलाउँछिन् । उनले एउटा कागज र कलम पाइन् भने जे र जस्तो पनि लेख्न सक्छिन् । बलियो इच्छाशक्ति भएकी अनुज्ञालाई अधिकांश समय कथा लेख्दै गरेको वा केकेबारे लेखुँ भनेर सोच्दै गरेको पाउनु हुने छ । लेखनप्रतिको उनको रूचि सधैंभरि रहनेछ ।

चित्रकार परिचय

**शुभा जोशी** ललितपुरमा बस्छिन् । उनी भिजुअल कथाकार हुन् । उनले काठमाडौँ विश्वविद्यालयबाट ललितकलामा स्नातक गरेकी छिन् । उनले आफ्ना कामका लागि प्रायः यही संसार, आफ्ना वरिपरिका मानिस र आफ्नै भोगाइबाट प्रेरणा लिन्छिन् । हाल उनी स्वतन्त्र रूपमा डिजाइन र चित्रकारिताको काम गरिरहेकी छिन् । उनी डिजिटल चित्रकारिता र अन्य माध्यमको अथाह अन्वेषण गरेर मन छुने खालका शक्तिशाली र प्रेरणादायक कथाहरू भन्ने प्रयास गर्छिन् ।





रीता बुद्धिमान् केटी थिइन् । उनी आफ्ना आमाबुबा र सानो भाइसँग बस्थिन् । जातका कारण उनीहरूलाई समुदायका केही मानिसले भेदभाव गर्थे ।

समुदायमा भएको भेदभावकै कारणले रीताका बुबा सहरतिर लागे । रीतालाई आफू बसेको ठाउँ छोड्नु पर्दा दुःख लाग्यो । तर, आफू र आफ्नो परिवारलाई दुःख दिने, भेदभाव गर्ने मनिसबाट टाढा हुने कुराले उनलाई कताकता रमाइलो पनि लाग्यो ।





उनीहरू सहर पुगे । "यस ठाउँमा कसैलाई पनि हाम्रो जातको बारेमा केही थाहा छैन । म हाम्रो बारेमा कसैलाई केही भन्दिनँ । अनि त यहाँ हामीलाई भेदभाव गर्दैनन् ।" रीताले मनमनै सोचिन् ।




एक साँझ उनी नजिकैको पार्कमा खेल्न गइन् । त्यहाँ धेरै बालबालिका खेल्दै थिए । उनीहरूले रीतालाई स्वागत गरे र उनको बारेमा सोधपुछ गरे ।

"मेरो नाम रीता दामी हो ।" उनले आफ्नो परिचय दिइन् ।

"दामी ? मैले त यस्तो थर कहिल्यै सुनेकी थिइनँ ।" एउटा केटाले अचम्म मान्दै भनिन् ।

रीता मुस्कुराइन् मात्र । केही बोलिनन् । अरू बालबालिकाले यो कुरामा त्यति चासो दिएनन् । उनीहरू सबै जना सँगै मिलेर खेल्न थाले । सबैसँग मिलेर खेल्न पाउँदा रीता दङ्ग परिन् ।






केही दिनपछि रीता विद्यालयमा भर्ना भइन् । पार्कमा भेटेको एउटा केटा पनि उही कक्षामा पढ्दो रहेछ । उसको नाम सुरेश रहेछ । उनीहरू एकअर्कालाई देखेर खुसी भए । तर जब शिक्षकले कक्षामा रीताको परिचय गराए । सुरेशले रीताको वास्तविक जातबारे थाहा पायो । रीतालाई धेरै लाज र दुःख लाग्यो ।

साँझमा सबै बालबालिका पार्कमा भए । "यो रीताले आफ्नो जातबारे झुट बोलेकी रहिछिन् ।" सुरेशले सबैलाई यो कुरा भन्यो । "हामी यो केटीसित खेल्न हुन्न ।" उसले अझ जोड गरेरै भन्यो ।





सुरेशको कुरा सुन्नेबित्तिकै रीताका आँखा आँसुले भरिए । उनी रूँदै घर तिर दौडिइन् । उनले आफ्ना बाबुआमालाई सबै कुरा बताउँदै सोधिन्, "हामीले यस्तो विभेदको सामना किन गर्नुपर्छ ?"

"हुन त सबै मनिस एकै हुन् तर जहाँ गए पनि हामीले यस्तै बेहोर्नु परेको छ । अब यस्ता भेदभावको वास्ता नगरौं । तिमीले पनि बलियो भएर यस्ता कुराको सामना गर्नुपर्छ । यस्ता कुराले आफूलाई असर गर्न दिनु हुन्न । यस्तोमा रूने होइन । बरू आफ्नो लक्ष्य प्राप्त गर्न मिहिनेत गर्नु पर्छ । सबैलाई माया र सहयोग गर्नु पर्छ ।" आमाले रीतालाई धेरै सम्झाउनु भयो । बुबाले पनि ढाडस दिनुभयो ।





रीतालाई आफ्ना आमा-बुबाको कुरा एकदम सही लाग्यो । उनले अब यस्ता कुराको वास्ता गर्न छाडिन् । आफ्नो जातप्रति गर्व गर्दै सबैसँग हाँसेर बोल्ने, सबैलाई सकेको सहयोग गर्ने, राम्ररी पढ्ने गर्न लागिन् । साथीहरूसँग पनि मिलेर खेल्ने, नयाँ नयाँ सिर्जनशील कार्य गर्ने लागिन् । उनको मिहिनेत, दृढता र सकारात्मक सोचले उनी छिटै सबैको प्रिय बन्न लागिन् । उनले विभिन्न सिर्जनात्मक काम गरेर, पढाइमा राम्रो भएर विद्यालय तथा समाजबाट विभिन्न पुरस्कार पनि पाउन लागिन् ।





एक साँझ सबै जना मिलेर पार्कमा खेल्दै थिए । सुरेश पनि त्यहीँ आइपुग्यो ।

"तिमीले रीतालाई रूवाएका थियौ । नराम्रो मानेका थियौ । तिमी अबदेखि हामीसँग नखेल ।" अन्य बालाबलिकाले सुरेशलाई छुट्टै बस्न र खेल्न भने ।

"ओहो! कसैले हामीलाई नराम्रो व्यवहार गर्‍यो भनेर हामीले पनि त्यस्तै व्यवहार गर्नु हुँदैन । नभए त नराम्रो व्यवहार गर्ने र हामीमा के फरक भयो र ? हामीले त सबैलाई राम्रो व्यवहार गर्नुपर्छ । नराम्रो व्यवहार गर्नेलाई सुन्ने मौका पनि दिनुपर्छ ।" रीताले सुरेशलाई सँगै खेल्न बोलाइन् ।





"मलाई माफ गरिदेऊ रीता । जात भन्ने कुनै ठुलो कुरा होइन रहेछ । मान्छेले एकअर्काप्रति गर्ने व्यवहार नै सबैभन्दा महत्वपूर्ण कुरा रहेछ । तिमी त साँच्चै दामी मान्छे रहेछौ, तिमी रीता दामी नै हौ ।" सुरेशले निकै नम्र भएर भन्यो ।

"मलाई चाहिँ तिम्रो कुरा निकै मन पर्‍यो । मनमै छोयो ।" रीताले हाँस्दै भनिन् । रीताको कुरा सुनेर सबैजना हाँसे अनि सबै मिलेर खेल्न लागे ।



# राजकुमारी माकेडा

लेखक परिचय

**गौरव पुरी** एक किशोर लेखक हुन् । उनलाई चित्र बनाउन र आविष्कार गर्न मन लाग्छ । सिन्धुपलान्चोक जिल्ला घर भएका गौरव हाल काठमाडौंको बाँसबारीस्थित रिपुमर्दिनी सैनिक माध्यामिक विद्यालयमा अध्ययन गर्छन् । उनले आफ्नो कथाका माध्यमबाट अरूलाई साहसी, मिलनसार र दयालु हुन प्रेरणा दिने लक्ष्य राखेका छन् । गौरवलाई साइकल चलाउन, फुटबल खेल्न र रचनात्मक काम गर्न धेरै मनपर्छ ।

चित्रकार परिचय

**जेविश शाक्य** ललितकला क्याम्पसमा ललितकलामा स्नातक अध्ययनरत विद्यार्थी हुन् । उनी २० वर्षका भए । काठमाडौंमै बसोबास गर्ने उनी विगत दुई वर्षदेखि डिजिटल चित्रकारिता गर्दै आइरहेका छन् ।



# राजकुमारी माकेडा



लेखकः गौरव

चित्रकारः जेविश

राजकुमारी माकेडा च्याउ राज्यको एउटा ठुलो दरबारमा बस्थिन् । उनी बुद्धिमान थिइन् । उनले मार्शल आर्ट पनि सिकेकी थिइन् ।





एकदिन, राजाका शत्रुले उनलाई अपहरण गरेर जङ्गलमा लगे । अचानक त्यहाँ एउटा राक्षस देखा पर्‍यो । राक्षस देखेर अपहरण गर्नेहरू डराएर भागे । राजकुमारी भने राक्षससँग डराइनन् । बरु राक्षस नै राजकुमारीसँग डराइरहेको थियो ।



"प्रिय राजकुमारी, कृपया मलाई नपिट्नुहोस् । मसँग नरिसाउनुहोस् । मलाई केही पनि नगर्नुहोस् र मसँग नडराउनुहोस् पनि । म त तपाईँलाई ती बदमासबाट बचाउन मात्र आएको हुँ । म नराम्रो मानिसका लागि नराम्रो छु । राम्रो मानिसका लागि राम्रो ।" राक्षसले नम्र भएर भन्यो । राक्षस बोलेको सुनेर राजकुमारी छक्क परिन् ।


"मेरो नाम ताशी हो । म जङ्गलमा बस्ने टुहुरो केटो हुँ । मेरो अवस्था देखेर मानिसले मलाई राक्षस भन्छन् । तर म साँच्चै राक्षस होइन ।" केटाले राजकुमारीको नजिकै आएर भन्यो ।








राजकुमारीलाई पनि ताशीको कुरामा विश्वास लाग्यो । ताशीलाई लिएर राजकुमारी दरबार फर्किइन् । उनले राजारानी दुवैलाई सबै घटना बताइन् । अब ताशी दरबारमा बस्न थाल्यो । केही समयपछि ताशी पनि विद्यालयमा पढ्न जान थाल्यो । ऊ असाध्यै मन लगाएर पढ्थ्यो ।



अचानक, देशमा एउटा विचित्रको रोग फैलियो । सहरका धेरै मानिस, ताशीलगायत राजारानी पनि बिरामी भए । रोगले  उनीहरू हिँड्नसमेत नसक्ने भए । डाक्टरहरूले पनि यो रोगको उपचार गर्न सकेनन् । रोगले सबै जना त्राहि–त्राहि भए ।





“जङ्गलमा एउटा विशेष जडिबुटी पाइन्छ । त्यो खान पाए रोग निको हुने थियो ।” ताशीले राजालाई भन्यो, “तर मलाईसमेत यो रोग लाग्यो । म लिन जान सक्दिनँ । के गर्ने होला त !”

“मलाई रोग लागेको छैन । म जान सक्छु जडीबुटी लिन ।” राजकुमारी माकेडाले तम्सिँदै भनिन् ।

ताशीले जडीबुटी कहाँ छ र कसरी चिन्ने भनेर सबै कुराको जानकारी राजकुमारीलाई दियो । राजकुमारी माकेडा केही सिपाहीहरूका साथ जङ्गलतिर लागिन् । ताशीले भनेका स्थानमा उनीहरूले जडीबुटी खोजे तर अहँ पाउन सकेनन् । धेरै लामो यात्रापछि राजकुमारी र उनका सिपाहीहरू थाके । उनीहरूले केही समयका लागि जङ्गलमा आराम गरे । राजकुमारी चाहिँ पानी पिउन नदीमा गइन् ।



यही बेला उनलाई फेरि शत्रुले आक्रमण गरे । राजकुमारीले साहसपूर्वक शत्रुसँग लडिन् । सिपाहीहरूले पनि राजकुमारीलाई साथ दिए । राजकुमारीले मुक्का हानेर शत्रुलाई बेहोश पारिन् ।

“यी सबैलाई बन्दी बनाऊ ।” राजकुमारीले सिपाहीहरूलाई आदेश दिइन् । सिपाहीहरूले सबै शत्रुलाई पक्रेर बाँधे ।





त्यसैबेला, राजकुमारीले नदी छेउम चम्किरहेका पातहरू देखिन् ।





"यी चम्किएका पातहरू नै ताशीले भनेका जडिबुटी हुन् । यसलाई बटुलौँ ।" राजकुमारी जडिबुटी बटुल्न लागिन् । धेरै जडिबुटी र बन्दी बनाइएका शत्रुलाई लिएर राजकुमारी दरबारमा पुगिन् ।





रोग लागेका सबैलाई जडीबुटी खुवाइयो । जडीबुटी खुवाएपछि सबैजना निको भए ।

"यी शत्रुहरूले हाम्रो देशमा धावा बोल्न लागेका थिए ।" राजकुमारीले राजारानीलाई भनिन् ।

राजारानी र राजकुमारीले ताशीलाई पनि धन्यवाद दिए । "अरूको कुभलो सोच्ने होइन । असल सोच्ने र मिहिनेत गरेर खाने गरौँ !" भन्दै बन्दीहरूलाई पनि राजकुमारीले विभिन्न काम दिइन् ।

"हाम्रो राज्य बचाउन सहयोग गरेकोमा धेरै धन्यवाद ताशी !" राजकुमारीले ताशीलाई धन्यवाद दिइन् ।

"मलाई बचाएकोमा र मायालु अभिभावकत्व समेत दिएकोमा धेरै धन्यवाद राजकुमारी माकेडा !" ताशीले पनि राजकुमारीलाई धन्यवाद भन्यो ।

त्यसपछि राजकुमारी माकेडा, ताशी र राजारानी सबैजना खुसीसाथ रमाएर बसे ।

# नौलो जीवन


लेखक परिचय

**कलश सुन्दास**लाई आशावादी कथाहरू लेख्दा आनन्द लाग्छ । उनका कथाहरू प्रायः आफ्ना जीवनका लक्ष्य र सपनाहरूका बारेमा हुन्छन् ।

चित्रकार परिचय

**एलिशा थापा** एक कुशल चित्रकार थिइन् । उनी 'Whadda fish!' डिजाईनमार्फत राम्रोसित परिचित थिइन् । दैनिक घटनामा हाँस्य खोज्न रुचाउँने एलिशा काठमाडौं विश्वविद्यालयमा ललितकलामा स्नातक तह अध्ययनरत विद्यार्थी थिइन् । उनलाई चिया पिउन, पढ्न, उनका कुकुरहरू र गिनिपिगसँग खेल्नका साथै नयाँ ठाउँहरूमा घुम्न मन पर्थ्यो ।







अनुपमा गाउँमा बस्थिन् । उनी निकै परिश्रमी थिइन् ।
उनलाई विद्यालय जान मन पर्थ्यो ।




एकदिन विद्यालयबाट फर्कंदा उनले आफ्नी साथी स्नेहालाई भेटिन् । स्नेहा पनि पहिले गाउँमै बस्थिन् । केही वर्षअघि उनी सहर गइन् र उतै बसिन् ।

"तिम्रो विद्यालय कस्तो छ स्नेहा?" अनुपमाले उत्साहित हुँदै सोधिन् । "मैले त विद्यालय जान छोडिदिएँ । हामी जागिर पाउन र पैसा कमाउनकै लागि पढ्छौं हैन र? तर मेरा बाबुआमासँग पहिले नै प्रशस्त पैसा छ । त्यसो भएपछि मैले विद्यालय गएर बेकार किन समय खेर फाल्ने?" स्नेहाले भनिन् ।



"सहर अद्‌भुत छ । गाउँभन्दा फरक छ । त्यहाँ ठुला ठुला भवन, पसल, चौडा सडक र कति धेरै कार अनि बसहरू छन् । गाउँ राम्रो छैन भन्ने कुरा मैले त्यहाँ गएर थाहा पाएँ । माफ गर, तर तिमी त गोबर-गोबर जस्तो गन्हाइरहेकी छ्यौ नि । तिम्रा आमाबुबा पनि एकदमै गरिब हुनुहुन्छ । बरू तिमीहरू पनि सहर तिरै आएर आफ्नो जीवनशैली परिवर्तन गर्दा राम्रो होला ।" स्नेहाले भनिन् ।



स्नेहाको कुराले अनुपमा साह्रै दुःखी भइन् । कुनै व्यक्तिसँग जति नै पैसा भए पनि त्यसलाई शिक्षासँग तुलना गर्न सकिँदैन भन्ने कुरा अनुपमालाई राम्ररी थाहा थियो ।





समय बित्दै गयो । अनुपमाले कलेजको पढाइ पनि सिध्याइन् । उनी शिक्षिका भइन् । उनले गाउँमा भएका केटीहरूको लागि प्रशिक्षण केन्द्र सुरु गरिन् । त्यहाँ उनले केटीहरूलाई दक्ष बनाउने विभिन्न सीपको प्रशिक्षण दिन्थिन् । सीप सिकेर केटीहरू काम गर्न र आफ्नै लागि कमाउन सक्षम भएका थिए ।



एकदिन, सहर जाँदा अनुपमाले सडक छेउमा स्नेहालाई भिख मागिरहेको देखेर छक्क परिन् । उनी स्नेहाको नजिकै गइन् । सुरूमा त स्नेहा बोल्न लजाइन् ।

केहीबेरपछि उनले रूँदै अनुपमालाई भनिन्, "मेरो बुबाले आफ्नो व्यवसायमा ठुलो नोक्सानी भोग्नु पर्‍यो । परिणामस्वरूप हाम्रो सबै पैसा सकियो । अभाव बढ्न थालेपछि आमा-बुबाको झगडा पनि बढ्न लाग्यो । झगडा हुँदाहुँदा मेरा आमाबुबाको सम्बन्ध विच्छेद भयो । बुबाले धेरै नै रक्सी पिउन लाग्नुभयो । मलाई त के गरौँ र कसो गरौँ भयो । मेरो दिमागमा केही उपाय नै आएन । मैले त पढेको पनि छैन । पढाइ नभएपछि केही काम गर्ने उपाय पनि नआउने रहेछ । त्यसैले मसँग भिख माग्नबाहेक अरू कुनै उपाय नै भएन । पैसा भएपछि सबैथोक हुन्छ भन्ने सोचेँ । आज यो अवस्था भयो ।"







"हरेस नखाऊ स्नेहा ! जीवनमा चुनौतीहरू सधैँ आइरहन्छन् । हामीले ती चुनौतीको सामना गर्न सक्नु पर्छ । तिमी एक साहसी केटी हौ । म तिमीलाई सहयोग गर्नेछु ।" अनुपमाले स्नेहालाई ढाडस दिँदै भनिन् ।

अनुपमाले स्नेहालाई गाउँमा लिएर आइन् । गाउँको प्रशिक्षण केन्द्रमा तालिम लिन लगाइन् । तालिम पाएपछि स्नेहाले आफ्नै व्यवसाय थालिन् । उनको मुहारमा खुसी देखिन थाल्यो ।

"मलाई नयाँ जीवन दिएकोमा धन्यवाद अनुपमा । तिमी एक साँच्चिकै नायिका हौ ।" स्नेहाले अनुपमालाई भनिन् । उनीहरूले एक-अर्कालाई अँगालो हाले ।



# गलत निर्णय

लेखक परिचय


**केभिन** पौडी खेल्न औधी रूचाउने विलक्षण प्रतिभा भएका किशोर हुन् । उनलाई जनावरहरूको धेरै माया लाग्छ । हालै उनले एउटा बिरालो पालेका छन् । उनी आफ्नो कल्पना शक्तिको उपयोग गर्दै ब्रह्माण्डको साहसिक यात्रामा निस्कन्छन् र आफ्ना वरिपरिको परिवेशसँग बलियो सम्बन्ध गाँस्छन् ।

चित्रकार परिचय

**अनुश्री लामा** डिजिटल चित्रकार हुन् । काठमाडौंमा बसोबास गर्ने उनलाई पात्रहरू बनाउन धेरै मनपर्छ । रङ्गहरू उनका सबैभन्दा ठुला प्रेरणा हुन् । नृत्य, गायन, अभिनय, एनिमेसन वा भिडियो गेमहरू नै किन नहोस्, उनी आफूलाई कलाको सबै प्रकारहरूमा डुबाउँन चाहन्छिन् । सन् २०१६ मा ग्राफिक डिजाइन र कम्युनिकेनमा स्नातक गरेकी उनले नेपाली शिक्षा क्षेत्रको विकासमा सहयोग पुऱ्याउने धेरै संस्थाहरूसँग काम गरेकी छिन् । उनी खुसी र प्रेरणा दिने खालका चिजहरू सिर्जना गर्ने लक्ष्य राख्छिन् । यस्ता पुस्तक तयार पार्ने रमाइला परियोजनाहरूका लागि उनी सधैँ तत्पर रहन्छिन् ।










शुक्रबारको दिन थियो । त्यसपछिको दुई दिन बिदा थियो । आज छुट्टीको घण्टी कतिबेला बज्ला भनेर जोन घरीघरी घडीतिर हेर्दै थिए । शुक्रबार पछिको दुई दिन रमाइलो गर्ने भनेर उनी मनमनै रमाउँदै थिए । जोन र उनको साथी सामले बिदाका दिन नजिकैको गाउँतिर घुम्न जाने योजना बनाएका थिए ।

अर्को दिन बिहानै, जोन र उनको साथी साम नजिकैको सुन्दर बस्तीतर्फ लागे । उनीहरू पहाड पहाड हिँड्दै गए ।







बस्ती हेर्दै, रमाइलो गर्दै दिन काटे । रमाइलो मान्दै साँझतिर उनीहरू फर्कंदै थिए । त्यहीबेला उनीहरूले एउटी केटीलाई बाटोमै भेटे । उनी पानीको घैँटो बोकेर हिँड्दै थिइन् ।

ती केटी गाउँले पोशाकमा थिइन् । उनको कपाल राम्रोसित कोरिएको पनि थिएन ।

जोन र सामले ती केटीतिर हेरे । अझ पानीको घैँटो र उनको पोशाकतिर नियाले ।





“घैँटोतिर हेर्नुभयो नि । तपाईंहरूलाई तिर्खा लागेको हो? पानी पिउनु हुन्छ?” ती केटीले सोधिन् ।





"छ्या ! कस्तो गन्हाएको । हाम्रो नजिक नआऊ ।" सामले अलि पछाडि हट्दै भने । यी गाउँका केटीहरू असाध्यै फोहोरी हुन्छन् भन्या । लोभी पनि हुन्छन् । मलाई थाहा छ, यो केटीले हामीसित पैसा माग्न खोजेकी हो ।" सामले नाक खुम्च्याउँदै भने ।



सामको कुरा सुनेर ती केटीलाई नमज्जा लाग्यो । तिनी आफ्नो बाटो लागिन् । साम र जोन पनि आफ्नो बाटो लागे ।







उनीहरू रमाउँदै हिँड्दै थिए । अलि अगाडि भिर रहेछ । लौ ! साम त एक्कासि भिरबाट तल खसे । उनी एउटा रूखमा ठोक्किन पुगे । उनको टाउकोबाट रगत बग्न थाल्यो । उनी उठ्नै सकेनन् । उनको गोडा पनि मर्किएछ । उनी ऐया...ऐया...भनेर रून थाले ।

जोन भिरबाट बिस्तारै बिस्तारै ओर्लेर साम भएनेर पुगे । तर उनी एक्लैले सामलाई उठाएर माथि ल्याउन सकेनन् ।





"गुहार...गुहार...हामीलाई सहयोग गर । कोही छ यता ? हामीलाई सहयोग गर्ने !" जोन बेस्सरी चिच्च्याए । त्यहाँ वरपर कोही थिएनन् क्यार । कसैले पनि जोनको आवाज सुनेनन् । कोही पनि त्यहाँ सहयोगका लागि आएनन् ।

अचानक, त्यही पहिले भेट भएकी केटी त्यहीँ आइपुगिन् । "ओहो, लड्नु पो भएछ । ल ल बिस्तारै उठ्नुस त ।" उनले तुरुन्तै आफ्नो पछ्यौरा च्यातिन् र सामको टाउकोमा भएको घाउमा बाँधिदिइन् ।





त्यसपछि सामलाई बाटोसम्म ल्याउन मद्दत गरिन् । "यसरी यहीँ राखेर त हुन्न । उहाँलाई स्वास्थ्य चौकीमा लैजाऔँ ।" उनले भनिन् । जोन र ती केटी मिलेर सामलाई नजिकैको स्वास्थ्य चौकीमा पुऱ्याए ।



स्वास्थ्य चौकीका कर्मचारी उनीहरूलाई देख्नेबित्तिकै हत्तारिएर मद्दत गर्न आए ।



ती केटी तुरुन्तै पोशाक फेर्न कोठाभित्र गइन् । एकैछिनमा नर्सको पोशाक लगाएर आइन् । यो देखेर जोन र साम त छक्कै परे ।

ती केटीले सामको घाउ सफा गरिन् । मलमपट्टी गरिदिएर औषधी पनि दिइन् ।



"यो औषधी चाहिँ हामीसँग छैन । किनेर खानुहोला है ?" औषधीको नाम लेखेर सामलाई दिइन् ।



जोन र सामले ती नर्ससँग आँखा जुधाउन पनि सकेनन् । दुवैजना लाजले भुतुक्कै भए । पहिले आफूले बोलेको कुराले उनीहरूलाई पश्चाताप पनि भयो । उनीहरूले नर्सलाई धन्यवाद दिए । साह्रै लज्जित हुँदै उनीहरूले तिनीसँग माफी मागे ।



भोलिपल्ट, घर फर्कने क्रममा पनि साम र जोन तिनै नर्सको कुरा गर्दै थिए । "बाहिरी रूप हेरेर कसैलाई पनि हेप्नु, गलत सोच्नु नहुने रहेछ । उनी त नायिका नै हुन् । मेरा लागि सधैँ नायिका भएर रहनेछिन् । उनलाई धेरै धन्यवाद ।" सामले पटक पटक भनिरहे ।

# आगो

लेखक परिचय

**सौरभ** १२ वर्षका भए । उनी 'फ्री फायर' खेल्न र एनिमेसन भिडियोहरू बनाउन मन पराउँछन् । त्यसबाहेक उनलाई आफ्नो परिवारसित समय बिताउन पनि मनपर्छ । उनलाई ब्रह्माण्डका बारेमा रोचक तथ्यहरू थाहा पाउन र यात्रा गरेर नेपालका विभिन्न संस्कृतिबारे अनुभव गर्न पनि मनपर्छ ।

चित्रकार परिचय

**विश्व मानन्धर** एक डिजाइनर र चित्रकार हुन् । सानो छँदा उनी कमिक्स, कार्टुन र एनिमेसनबाट प्रेरित थिए । उनले आफ्नो कला र चित्रकारिता क्षेत्र यात्राको श्रेय पनि तिनैलाई दिन्छन् । मान्छे र संस्कृतिबाट पाएको आफ्नै अनुभवबाट प्रेरित भई चरित्रहरू निर्माण गर्दा उनलाई आनन्द लाग्छ । हाल उनी फ्रीलान्स डिजाईनर र चित्रकारका रूपमा कार्यरत छन् ।



# आगो



लेखकः सौरभ

चित्रकारः विश्व

एकादेशमा सौरभ नाम गरेको एउटा केटो थियो । ऊ आफ्नी आमासँगै बस्थ्यो । उसकी आमाको अनुहार आधा जलेको थियो । त्यसैले उसलाई आफ्नी आमा अरूलाई चिनाउन लाज लाग्थ्यो ।



"मलाई स्कुलमा लिन आउनु पर्दैन ।" ऊ रूखो स्वरमा आमालाई भन्थ्यो । सौरभले जे भने पनि आमा मुस्कुराइरहन्थिन् । उसको रूखो व्यवहारको बारेमा कहिल्यै गुनासो गर्दिनथिन् ।

एकदिन आमाको साथी उनीहरूलाई भेट्न आए । आफ्ना बाल्यकालको साथी भेट्न पाएकामा आमा धेरै खुसी भइन् ।

“हामी बाह्र बर्षपछि भेट्दै छौँ ! मलाई त पत्यार नै लागेको छैन ।”, सौरभकी आमाले भनिन् ।

“त्यो डर लाग्दो घटनापछि तिमीले सहर छोडेर गयौ । म पनि विदेशतिर गइहालेँ । यति लामो समयपछि तिमीसँग भेट्न पाएँ । मलाई पनि असाध्यै खुसी लागेको छ ।” आमाकी साथीले पनि खुसी हुँदै भनिन् ।





उनले सौरभतिर हेर्दै भनिन्, “ओहो ! यो मेरो सानो सौरभ हो ? लौ, कति ठुलो भइसकेछ ।” उनले सौरभलाई अङ्कमाल गर्न खोज्दै भनिन्, “सौरभ, तिम्री आमा र म स्कुलका मिल्ने साथी थियौँ ।”

तर, सौरभले उनको कुराप्रति खासै चासो देखाएन । ऊ सरासर आफ्नो कोठामा गयो । आमा र उनकी साथी भने मज्जाले गफ गर्न थाले ।



“त्यस दिनको घटना सम्झँदा मलाई निकै नमिठो लाग्छ । तिमीले छिटै नदेखेको भए त्यो दिन सौरभ बाँच्ने थिएन । उफ् !” आमाकी साथीले लामो सास फेरिन् ।

यो कुरा सौरभले पनि सुन्यो । यो सुनेर ऊ झसङ्ग भयो । ऊ बिस्तारै आफ्नो कोठाको ढोकानेर गयो र ध्यान दिएर आमाहरूको कुरा सुन्न थाल्यो ।




“बगैँचामा फूल गोड्दा गोड्दै कसो तिमीले देखिहालिछौ । मैले त देखेकै थिइनँ । म त गफमै मस्त थिएँ । सौरभको कोठामा कत्रो आगो बलेको थियो ! तिमी त फुत्तै आगो भित्र पस्यौ र सौरभलाई निकाल्न पनि सफल भयौ । म त आत्तिएर हेरेको हेरेकै भएछु ।” आमाकी साथीले नमज्जा मान्दै भनिन्, “तर, तिम्रो अनुहार कस्तरी जल्यो हगि !”

“अँ, बाबूले कोठामा खेल्दाखेल्दै इस्तिरी तताएछ । इस्तिरीले कपडा जलाएछ । कपडा बल्न थालेछपछि त के कुरा गर्नु ! ह्वारह्वारी नि आगो त । धन्न सौरभलाई केही भएन । सकुशल बाहिर निकाल्न सकेँ ।

मेरो अनुहारको मलाई कुनै चिन्ता लागेन । छोरा बचाउन पाएकोमै खुसी भएँ ।” सौरभकी आमाले घटना सम्झँदै भनिन् ।







आमाको कुरा सुनेर सौरभका आँखा आँसुले भरिए । उसले आमाप्रति गर्ने व्यवहार पनि सम्झियो । अब भने उसलाई निकै पछुतो लाग्यो । ऊ दौडिएर आमानेर गयो । उसले आमाको अनुहारभरि म्वाइ खायो । “आमा, तपाईँलाई मेरो नायक हुनुहुन्छ ।



तपाईँलाई प्रति मलाई गर्व छ ।” सौरभको आँखाबाट आँसु बगिरहेको थियो ।



“ल ल किन रोएको ? तिमी सधैँ असल हुनु । यत्ति भए आमालाई पुग्छ ।” आमाले सौरभको आँसु पुछिदिनुभयो र मुस्कुराउँदै गालामा म्वाइँ खानुभयो । सौरभले निकैबेर आमालाई अङ्कमाल गरिरह्यो ।



# गाउँकी आदर्श छोरी

लेखक परिचय
**समिक्षा** पर्सा जिल्लाको बीरगञ्जमा बस्छिन् । उनी १० कक्षामा अध्ययनरत छिन् । उनलाई कथाका किताब र कमिक्सहरू पढ्न र चित्र बनाउन मन पर्छ । उनलाई कथा लेख्न, विज्ञानका प्रयोगहरू गर्न र ब्याढमिन्टन खेल्न पनि रमाइलो लाग्छ ।

चित्रकार परिचय
**श्रीजा श्रेष्ठ** बेलायतमा बसोबास गर्ने डिजिटल कलाकार र चित्रकार हुन् । उनी हाल टेसाइड विश्वविद्यालयबाट एमआईएमए स्कूल अफ आर्ट एन्ड डिजाईनमा स्नातकोत्तर तहमा चित्रकारिता पढ्दैछिन् । उनी हाँस्य र कलाको सम्मिश्रण गरेर विशेष गरी कमिक्स र कार्टुन जस्ता दृश्य सामग्रीहरू बनाउन रूचाउँछिन् । उनको काम प्रायः प्रमाणिक्ता, नम्रता र दैनिक जीवनमा पाइने साधारण खुसीका विषयवस्तुहरूका वरिपरि केन्द्रित रहन्छन् ।








लक्ष्मणवा भन्ने एउटा सानो गाउँ थियो । गाउँमा रञ्जना नामकी एउटी केटी पनि बस्थिन् । त्यस गाउँमा छोरीलाई विद्यालय जान अनुमति थिएन। केटी भनेको छिट्टै बिहे गरेर गई हाल्ने हो भनेर गाउँले आफ्नो छोरीको पढाइमा पैसा खर्च गर्न खोज्दैनथे । बरू आफ्ना छोरीहरूलाई घरको काम सिकाउँथे ।



तर रञ्जनाका ठुला ठुला सपना थिए । रञ्जना धेरै पढ्न चाहन्थिन् । उनी धेरै पढेर गाउँको छोरीमान्छेको लागि नमुना बन्न चाहन्थिन् । उनी गाउँका मानिसमा छोरीलाई शिक्षा दिनु हुन्न भन्ने सोच बदल्न चाहन्थिन् ।





रञ्जना कक्षा छ मा पुगेपछि नै उनका बुवाले उनलाई विद्यालयबाट निकाल्न खोजेका थिए । त्यो बेला रन्जनाले पढाई जारी राख्न आमा बुवालाई धेरै फकाउनु परेको थियो । आफूले राम्रो पढेर छात्रावृत्ति पाउने र घरको पैसा खर्च नगराउने बचन दिएर उनले आफ्नो परिवारलाई मनाएकी थिइन् ।





नभन्दै उनले धेरै मेहनत गरिन् र छात्रावृत्ति पाउन पनि सफल भइन् । विद्यालयको पढाइपछि उनी कलेज भर्ना हुन चाहन्थिन् । तर यो कुरा सजिलो थिएन ।

यसै पनि गाउँलेहरू छोरीलाई पढाउने कुराको बिरूद्धमा थिए । रञ्जनाको परिवारले पनि त्यस कुराको विरोध गर्यो किनभने उनिहरू गाउँलेहरूको विरूद्ध जान चाहन्न थिए । रञ्जनाले परिवारलाई सम्झाउन धेरै प्रायस गरिन् । अन्त्यमा, परिवारले नमाने पनि, गाउँलेले विरोध गरे पनि, अध्ययनका लागि रञ्जना काठमाडौँ गइन् ।

काठमाडौँमा पनि उनले धेरै समस्या र चुनौतीको सामना गर्नु पऱ्यो । तराईबाट गएको हुनाले उनलाई भाषाको पनि समस्या थियो । सबैले उनलाई निरूत्साहित गरेको जस्तो अनुभव हुन्थ्यो । उनले आफ्नो आत्मविश्वासलाई उच्च बनाइ राखिन् । उनले कडा परिश्रम गरिन् । चुनौतीको सामना गरिन् र आफ्नो लक्ष्यलाई कहिल्यै बिर्सिइनन् ।








पढाइ सँगसँगै उनले काम पनि गरिन् र आफ्नै खुटामा उभिन सफल भइन् । फुर्सद्को समयमा उनले केही सीपमूलक काम पनि सिकिन् । उनले धेरै मेहनत गरिन् र उन्नति, प्रगति गर्दै अघि बढिन् । उनी कलेजको पढाइ सकेर विश्वविद्यालयमा प्राध्यापक भइन् । त्यससपछि उनी आफ्नै गाउँ फर्किन् ।



गाउँ पुगेर रन्जनाले गाउँका मनिसमा सचेतना फैलाउने काम गरिन् । उनको लक्ष्य नै गाउँका केटीहरूलाई शिक्षित बनाउनु थियो ।

उनले अरू महिलालाई पनि मद्दत गर्ने थुप्रै काम गरिन् । सबैजना सक्षम र स्वतन्त्र हुनु पर्छ भन्ने उनी चाहन्थिन् । उनले धेरै महिलालाई विभिन्न तालिम लिनका लागि सहयोग गरिन् । केही महिलाले सिलाइबुनाइ तालिम लिए । केहीले उत्तम तरिकाले कसरी खेती गर्ने भनेर तालिम लिए ।



यसरी धेरै जनालाई धेरैथरी तालिम लिन उनले सहयोग गरिन् । तालिम लिएकामध्ये कसैले त पसल खोलेर पैसा कमाउन सुरू गरे ।





विस्तारै, अब रञ्जनाको राम्रा कामको सबैले प्रशंसा गर्न लागे । गाउँलेमा छोरीमान्छेप्रतिको सोच बदलिन थाल्यो । उनीहरूले छोरीलाई शिक्षा प्रदान गर्दा हुने फाइदाबारे आफैँले थाहा पाइसकेका थिए । सही सहयोग र समर्थनले गर्दा छोरीमान्छेले पनि सफलता हाँसिल गर्न सक्छन् भन्ने कुरा पनि गाउँलेले बुझे । अब छोरीमान्छेलाई निस्फिक्री विद्यालय जान रोकतोक हुन पनि छाड्यो ।






रञ्जना लक्ष्मणवा गाउँकै लागि आदर्श छोरी बनिन् ।

# ओझेलमा परेकी नायिका

लेखक परिचय
**श्रेया पौड्याल** एक किताबी किरो हुन् । हुर्किँदै गर्दा उनी यथार्थवादी, काल्पनिक कथा र जीवनीबाट मोहित भइन् । परिवारबाट टाढा रहेर एक फरक संस्कृतिमा उनको बाल्यावस्था बित्यो । यसको परिणाम स्वरूप उनको लेखनमा परिवारप्रतिको महत्व देखिन्छ ।

चित्रकार परिचय
**रिचेन सिंह** पाटनमा बस्ने एक ग्राफिक डिजाइनर र चित्रकार हुन् । उनी विविध मिडियाको प्रयोगकर्ता पनि हुन् । उनले चित्रकला प्रदर्शन गर्नुका साथै डिजाइन आविष्कार र जागरूकता अभियान जस्ता परियोजनाहरूको उनी हिस्सा पनि बनेकी छिन् । उनी अन्तरक्रियात्मक र संवाद सुरू गर्ने खालका कामहरू सिर्जना गर्न चाहन्छिन् ।








'टिनटिन टिनटिन टिनिनिनि...!' खाजा खाने घण्टी बज्यो । सिन्वियन र उनका साथीहरू कोठाबाहिर दगुरे । खाजापछि सधैँझैँ उनीहरू आफ्नो मनपर्ने रूखमुनि बस्न गए । उनीहरू कुराकानी गर्न थाले ।






"तिमीहरूले हिजो राती ग्रेटा थुनबर्गको भाषण सुन्यौ ? बीस वर्ष पनि नहुँदै ग्रेटा दुईपटक नोबेल शान्ति पुरस्कारका लागि मनोनयन भइसकिन् । यति सानै उमेरमा दुईपटक नोबेल पुरस्कारका लागि मनोनयन हुनु, ओहो ! मलाई त यस्तो कुरा सुन्दा पनि विश्वासै लाग्दैन भन्या !", अचम्म मान्दै सुहानीले भनिन् ।




"ग्रेटा तिम्रो प्रेरणाको स्रोत हो भनेर हामी सबैलाई थाहा छ । तिमी उनका बारेमा हरेक दिन कुरा गर्छ्यौ । मेरो प्रेरणाको स्रोत त मलाला हुन् । तिमीहरूलाई थाहै छ नि । उनले नोबेल शान्ति पुरस्कार जितिसकेकी छिन् ।" मोदिकाले भनिन् ।



साथीहरूले आ-आफ्ना प्रेरक व्यक्तिका कुरा गरे । सिन्चियनले भने केही भनिनन् । विद्यालय छुट्टी भयो । घरतिर हिँड्दै उनले मनमनै उनको प्रेरक व्यक्ति सोच्न लागिन् ।

उनलाई सानो छँदा 'सिन्ड्रेला' र 'स्नो ह्वाइट' मन पर्थे । ठुलो हुँदै जाँदा मलाला यूसुफजाई र मेरी क्युरी उनको प्रेरणाका स्रोत भए । तर, सिन्चियनलाई यस्ता कुरामा सधैँ केही कुरा नपुगेको वा नमिलेको जस्तो लाग्थ्यो ।





हुन त यी सबै व्यक्तिले धेरै मानिसको जीवनमा प्रभाव पारेका थिए तर सिन्चियनलाई उनीहरूमध्ये कुनै पनि व्यक्तिसँग आफ्नो भावना जोडिएको जस्तो लाग्दैन थियो । उनको जीवन ती व्यक्तिहरूभन्दा धेरै फरक जस्तो लाग्थ्यो । यसैकारण उनी कुनै पनि समस्याको सामना गर्नुपर्दा उनीहरूलाई सम्झने र आफू बलियो हुने स्थितिमा थिइनन् । सिन्चियनलाई एक आदर्श नायिकामा केके गुणहरू हुन्छन् भन्ने कुरा त थाहा थियो । तर, उनले आफूले चाहेको र खोजेको जस्तो कुनै पनि आदर्श मानिस भेटिरहेकी थिइनन् ।



सोच्दैसोच्दै उनी आफ्नो घर नजिक पुगिन् । अचानक उनको दिमागमा एक व्यक्तिको सम्झना आयो । ती व्यक्ति साहसी, दयालु, मायालु, सङ्घर्षशील र असल थिइन् । धेरै पटक उनले आफ्नो खुसी अरूका लागि बलिदान चढाएकी थिइन् । उनले आफ्ना लागिभन्दा पनि अरूका लागि समय दिन्थिन् । कडा परिश्रम गर्थिन् । सधैं अरूलाई सहयोग गर्न तयार हुन्थिन् । सिन्चियन त्यो व्यक्तिमा पूर्ण निर्भर थिइन् । आज सिन्चियन जे थिइन्, ती सबै त्यही व्यक्तिको कारण थिइन् ।

"मैले पढेका र सुनेका सबै साहसी महिलाबाट म सँधै प्रभावित छु र हुनेछु । तर, मेरै घरकी एक जना व्यक्तिबाट म झन् प्रभावित छु । मैले यो कुरा स्वीकर गर्नै पर्छ । म उनीसँगै बस्छु । उनकै प्रेरणाले अघि बढ्छु ।" सिन्चियनले साँच्चैकी आफ्नै आदर्श व्यक्ति पत्तो लगाइन् । उनी मनमनै एकपटक मुस्कुराइन् । "हामीसँग भएका, नजिकका कुरालाई हामी बेवास्ता गर्छौं । तर, त्यो नै महत्त्वपूर्ण हुन्छ । यो हामी किन बुझ्दैनौँ?" सिन्चियन मक्ख पर्दै सोचिन, "मेरो प्रेरणाको स्रोत मसँगै हुनुहुन्छ ।"

सिन्चियन घर पुगिन् । घरको ढोकैमा उनले आफ्नी प्रेरणाकी स्रोतलाई मुस्कुराइरहेको देखिन् ।

"म तपाईँलाई धेरै माया गर्छु आमा !" सिन्चियनले आफ्नी आमालाई अँगालो हाल्दै भनिन्, "तपाईँ मेरो प्रेरणाको स्रोत हुनुहुन्छ ।"

"म पनि तिमीलाई धेरै माया गर्छु ।" सिन्चियनकी आमाले पनि सिन्चियनलाई अँगालो हाल्दै भनिन् ।



# मृत्युको जीवन


लेखक परिचय


**ताज**को कला र शिल्पप्रति सधैँ झुकाउ रह्‍यो । उनी काल्पनिक कथा र कमिक्स पढ्न रूचाउने हँसिली किशोरी हुन् । कुनै विशेष खेलमा अब्बल नभए पनि उनी धेरै प्रकारका खेल खेल्छिन् । उनी नयाँ कुरा गर्न र यात्रा गर्न मन पराउँछिन् । पुस्तकले अरूलाई पनि कल्पना गर्न र आफूलाई अभिव्यक्त गर्न हौसला प्रदान गर्छ भन्नेमो उनलाई विश्वास छ ।

चित्रकार परिचय

पाँचथर निवासी **पूर्णिमा राई** अहिले १९ वर्षकी भइन् । हाल उनी काठमाडौँमा बसोबास गर्छिन् । उनी काठमाडौँ विश्वविद्यालयमा कला र डिजाइन विषयको स्नातक तहकी विद्यार्थी हुन् । उनलाई चित्र कोर्न मनपर्छ । साथै, उनलाई कलम, मसी र वाटर कलरमा काम गर्न रमाइलो लाग्छ ।







एलीको खुट्टामा पट्टी बाँधिएको थियो । उनलाई डाक्टरले आराम गर्न भनेका थिए । उनले केही दिनमै स्कुलको एउटा कार्यक्रममा भाग लिनुपर्ने थियो । कार्यक्रममा उनले ब्याले नृत्य प्रस्तुत गर्दै थिइन् । तर उनको गोडामा चोट लाग्यो । उनी चिन्तित थिइन् ।

एलीको कोठा माथिल्लो तलामा थियो । उनको खुट्टामा चोट लागेकोले उनले केही दिनका लागि तल्लो तलाको पाहुना कोठामा बस्नु पऱ्यो । एलीले दराजबाट एउटा पुस्तक निकालिन् । त्यो उनको दिदी स्नोईको डायरी थियो ।



१ - मलाई ब्याले मन पर्छ ।

२ - फाइनलको लागि अभ्यास हुँदैछ ।



३ - आज ब्याले कक्षामा मलाई अचानक रिङ्गटा लाग्यो । होसमा आउँदा म अस्पतालको ओछ्यानमा थिएँ । आमा मेरो छेउमा बसेर रूँदै हुनुहुन्थ्यो । मलाई क्यान्सर भएको छ भन्ने कुरा मलाई पछि थाहा भयो ।





४ – केमोथेरापी गर्दा धेरै दुख्दोरहेछ । मेरो कपाल सबै झरिसकेको छ । म दिनभरि सुत्छु । मैले धेरै औषधी खानु पर्छ । औषधी खानु पर्दा पटक्कै रमाइलो लाग्दैन । मैले धेरै औषधीहरू खाएको खाएकै गर्नु परेकोले हो ला, मेरो जिब्रोले अब काम गर्न छोडी सक्यो ।



५ – एलीलाई मेरो काखमा राखेर बुबाले मेरो ह्विलचेयरलाई धकेल्दा धेरै रमाइलो हुन्छ ।




६ – कुनै औषधी वा शल्यक्रियाले काम गरेको पनि छैन । मैले मेरो आँखाको ज्योति बिस्तारै बिस्तारै गुमाउँदै गएकी छु । म ओछ्यानबाट उठ्न पनि सक्दिनँ ।

७ – मैले मेरो जीवनमा बिताएका सबै रमाइला क्षणहरू सम्झन्छु । परिवार र साथीहरूसँग बिताएका समयहरू सबै सम्झन्छु । फूलहरू, डुब्दै गरेको घाम, आइसक्रिम सबै सम्झन्छु । आहा, फेरि एकपटक नाच्न पाए, म जे पनि गर्न तयार थिएँ । 'मलाई यो ह्विलचे यरमै बसेर भए पनि ब्याले गर्न सक्ने थोरै शक्ति दिनुस् ।' यसरी मैले भागवानसँग पनि प्रार्थना गरेँ । म त्यो नाचलाई 'मृत्युको जीवन' भन्ने नाम दिन्थेँ । हुन सक्छ एकदिन यस्तो दिन पनि आउनेछ ।

डायरी अचानक समाप्त भयो । एली रोइरहेकी थिइन् । त्यसपछि स्नोईले यस संसार छाडेर गइन् । एलीले यो कुरा प्रष्ट बुझिन् ।








केही हप्तापछि, एलीको खुट्टा निको भयो । उनी फेरि उनको ब्याले कक्षामा जान थालिन् । उनले पहिलेको भन्दा पनि बढी मिहिनेत गरिन् ।

स्कुलको कार्यक्रमको दिन पनि आयो । एलीले फरक किसिमले ब्याले प्रदर्शन गर्ने सोच बनाइन् । उनले ब्यालेको लुगा लगाएर, व्हिलचेयरमा बसी मञ्चमा आइन् । व्हिलचियरमै बसेर ब्याले गरिन् । उनले आफ्नो नृत्य आफ्नी दिदी स्नोईलाई समर्पण गरेकी थिइन् ।





प्रदर्शन सकिएपछि उनले आफ्नी दिदीलाई सम्झँदै भनिन्, "मेरी दिदी नै मेरो प्रेरणा हुन् । उनकै प्रेरणाले मैले आज यो नाच व्हिलचियरमा बसेर गरेँ । मेरी दिदीले यस्तो नाचलाई 'मृत्युको जीवन' नाम दिने सोचेको थिइन् । म पनि यो नाचलाई 'मृत्युको जीवन' नाम दिन चाहन्छु ।"

यसपछि उनका आमाबुबाले एलीलाई भेटेर बेस्सरी अँगालो हाले । सबै जनाको आँखाबाट बरररर आँखु खसे ।

"दिदीले उनको जीवनको अन्त्यसम्म पनि हिम्मत हारिनन् । सङ्घर्ष गरिन् । नयाँ सोच राखिन् । उनी नै मेरो जीवनको नायिका हुन् ।" एलीले आफ्ना आमाबाबुलाई भनिन् ।

# प्राक्कथन

म सानैदेखि पिप्पी लान्गस्टकिङ जस्तै बन्न चाहन्थेँ । त्यही चाहना राखेर हुर्किएँ । पिप्पी स्वीडेनकी लेखिका एस्ट्रिड लिन्डग्रेनले बालबालिकाको लागि लेखेको पुस्तक श्रृङ्खलाको हिरोनी हुन् ।

पिप्पी नौ वर्षकी, अदभूत, परम्परागत भन्दा फरक र परी जस्तै अलौकिक शक्ति भएकी एउटा बालिका हुन् । उनी स्वतन्त्र, चंचल र कल्पना गर्न नसकिने छिन् । उनी आफ्नो मनले भनेको कुरा गर्छिन् । एउटा बच्चाको जीवन कस्तो हुनुपर्छ भन्ने सांस्कृतिक अपेक्षा अनुरूप उनको जीवनलाई पनि त्यस्तै बनाउने प्रयास बेलाबेलामा गरिएको हुन्छ, सरकारी अधिकारीहरूबाट । तर पनि पिप्पी सामाजिक परम्पराहरूबाट मुक्त रहँदै खुशीसाथ आफ्नो जीवन बिताउँछिन् ।

मेरो लागि पिप्पीले मेरो आफ्नै विद्रोही पक्षको प्रतिनिधित्व गर्दछिन् र एउटा व्यक्तिप्रतिको प्रशंसा, त्यो व्यक्ति जोसँग शक्ति छ तर यसको दुरूपयोग गर्दैनन् । पिप्पीले आफूलाई संसारको सबभन्दा शक्तिशाली बालिका घोषणा गर्छिन्, तर द्वन्द्वको समाधान गर्न वा अन्य बालबालिकालाई दुर्व्यवहार र बदमासीबाट बचाउन अहिंसाको मार्ग प्रयोग गर्छिन् ।

महान कथासँगै बहँदा सँधै आनन्द र खुशी हुन्छ । पढाइले मनोरन्जन मात्र गराउँदैन, यसले प्रेरणा पनि प्रदान गर्दछ । यो एउटा अत्यावश्यक जीवन उपयोगी सीप पनि हो । यसले सबै प्रकारका सिकाइ र विकासमा सहयोग गर्दछ । बालबालिकाको पढाइका लागि सकारात्मक वातावरण बनाउनु पहिलेभन्दा अहिले अझ धेरै महत्वपूर्ण भएको छ । किनकि अहिले हामी एउटा विश्वव्यापी महामारीको सामना गरिरहेका छौं र यसले धेरै बालबालिकालाई स्कुलबाट बाहिर राखेको छ । रूम टू रीडको एउटा सर्वेक्षणको खोजले यो महामारीपछि नेपालमा सबै बालिकाहरूमध्ये आधाजति त स्कुल नै नफर्कने जोखिममा रहेका छन् भनी निष्कर्ष निकालेको छ । व्यक्तिगत रूपमा यो उनीहरूको लागि एउटा विपद् मात्र हुने छैन, यसले समाजलाई पनि यति धेरै प्रतिभा, जनशक्ति र आर्थिक अवसरहरूबाट वञ्चित गर्नेछ । यसको असर पछिका पुस्ताहरूमा पनि देखिनेछ ।

हामी सबै मिलेर बालबालिका र त्यसमा पनि विशेषगरी बालिकाको लागि अझ राम्रो शैक्षिक अवसरहरू प्रदान गर्ने उपाय खोज्न तत्काल आवश्यक कार्यहरू थाल्नुपर्छ । शिक्षामा पहुँच हुनु भनेको एउटा अझ राम्रो, अझ समानता भएको भविष्यमा डोऱ्याउने बाटो हो भन्ने प्रमाणित भइसकेको छ ।

यति राम्रो कथाहरू छनौटको लागि म युवा लेखकहरूलाई धन्यवाद र बधाई दिन चाहन्छु । यसले नयाँ पुस्ताका हिरोनीहरू र पाठकहरूलाई अझ राम्रो, अझ धेरै जानकारीमूलक र पक्कै पनि शिक्षित छनौट गर्न प्रेरित गर्नेछ । मैले यो पनि आशा गरेछु कि यस पुस्तकले युवाहरूलाई सिक्न मद्दत गर्नेछ र जस्तोसुकै परिस्थितिमा पनि अगाडि बढिरहन उनीहरूलाई प्रेरित गर्दछ ।

त्यसैले हार नमानौं, सही काम गरौं, चाहे त्यो जतिसुकै कठिन किन नहोस्,
र आफ्नो मूल्य र मान्यताप्रति सच्चा रहौं ।

**शाहिदा म्याकडगल**
राष्ट्रिय निर्देशक, ब्रिटिश काउन्सिल नेपाल

शिक्षा समानता निर्माण गर्ने महत्वपूर्ण साधन हो । जब बालबालिकाले सिक्छन्, उनीहरूले आफ्नो परिवार, समुदाय र यो संसारमा परिवर्तन ल्याउन सक्छन् । शिक्षा निरन्तर रहन्छ र यसले जनस्वास्थ्य, विपद् र लैङ्गिक असमानता जस्ता संसारका सबभन्दा ठूला चुनौतीहरूको सम्बोधन र समाधान गर्न सहयोग गर्छ । तर अझै पनि विश्वभर ७५ करोड मानिस निरक्षर छन्, जसमध्ये दुईतिहाई त महिला र बालिकाहरू मात्र छन् । शान्ति र द्वन्द्वको समयमा धेरैजसो बालिकाहरू सानै उमेरमा विवाह हुने, हिंसामा पर्ने र जबरजस्ती विद्यालय छोड्नुपर्ने जोखिममा हुन्छन् । कोभिड-१९ ले स्कुल बन्द भएको यो समयमा रूम टु रीडले हालै गरेको बालिकाहरूको शिक्षा जोखिम सम्बन्धी एउटा सर्वेक्षणले के देखाउँछ भने फेरि स्कुल सुरू हुँदा दुईमध्ये एक बालिका स्कुल नफर्कने जोखिममा छन् । पहिलेको भन्दा यो परिस्थितिको समयमा उत्पन्न हुने अति धेरै तनाव परिवारहरूले सामना गर्नुपर्दा परिवारभित्रै द्वन्द्व र लैङ्गिक हिंसाको जोखिम पनि बढ्दै जान्छ । यसले बालिकाहरूको आत्मविश्वास, मानसिक स्वास्थ्य र जीवनका महत्वपूर्ण निर्णहरूमा छलफल गर्ने क्षमतामा नकारात्मक प्रभाव पार्दछ । त्यसैले यो महामारी जस्ता विश्वव्यापी संकटले शिक्षा र सर्वोपरि हितको खोजी यात्रामा बालिकाहरूले सामना गर्नुपर्ने लान्छनाहरू बारेमा सुन्नुपर्ने र उनीहरूको आवाज सुन्न मद्दत गर्ने स्रोतहरूको विकास गर्नुपर्ने कुरामा जोड दिन्छ । तसर्थ, छोटा कथाहरूको यो सङ्ग्रह भनेको नेपालका बालबालिका र युवाहरूको आफैभित्रको झलक हो, आत्म-प्रतिबिम्ब हो । यो एउटा यस्तो शक्तिशाली साधन हो जसले बालबालिकाको लागि कुरा उठाउँछ र आफू अझ राम्रो समुदाय निर्माणको शक्ति किन र कसरी हुन सक्छौं भन्ने बारेमा उनीहरूलाई सोच्न मद्दत गर्दछ ।

**पुष्करलाल श्रेष्ठ**
राष्ट्रिय निर्देशक, रूम टू रीड नेपाल

# साझेदारहरूका बारेमा

## ब्रिटिश काउन्सिल

ब्रिटिश काउन्सिलले बेलायत र अन्य देशका मानिसहरूबीच कला तथा संस्कृति, शिक्षा तथा अंग्रेजी भाषाको माध्यमबाट आपसी सम्बन्ध, बुझाइ र विश्वासको निर्माण गर्दछ । आफ्नो क्षमता अनुभूत गर्न र सबल तथा समावेशी समुदायमा सहभागी हुन युवाहरूले खोजिरहेका सीप, आत्मविश्वास र आपसी सम्बन्धका माध्यमहरू हासिल गर्न हामी उनीहरूलाई मद्दत गर्दछौं । अंग्रेजी सिक्न, उच्च गुणस्तरीय शिक्षा प्राप्त गर्न र अन्तर्राष्ट्रिय मान्यताको शैक्षिक योग्यता हासिल गर्नपनि हामी उनीहरूलाई मद्दत गर्छौं । कला र संस्कृतिमा हामीले गर्ने कार्यले सिर्जनात्मक अभिव्यक्ति प्रस्तुत गर्न र आदानप्रदान गर्न र प्रेरित गर्नुका साथै सिर्जनशील उद्यमलाई पोषण र विकास गर्न सहयोग गर्दछ ।

हामीले नेपालमा सन् १९५९ देखि काम गरिरहेका छौं । हरेक वर्ष हामी नेपालमा हजारौं विद्यार्थी, शिक्षक, शिक्षाकर्मी, नीति निर्माता, प्राज्ञिक वर्ग, सिर्जनशील व्यक्तिव र उद्यमीहरूसँग जोडिन्छौं । हाम्रो कामको लक्ष्य भनेको युवाहरूलाई अवसरहरू प्रदान गर्नु हो, उनीहरूलाई पूर्ण क्षमतामा पुग्न आवश्यक पर्ने शिक्षा, योग्यता र सीप हासिल गर्न सहयोग गर्दै भविष्यको जीवनवृत्तिमा मद्दत गर्नु हो र समाजमा उनीहरूको आवाजलाई सशक्त बनाउन नयाँ सञ्जाल र मञ्चहरूको सिर्जना र विकास गर्नु हो ।

## रूम टु रिड

रूम टु रिड, साक्षरता सीप विकास र लैङ्गिक समानतामा केन्द्रित रही निम्न आय भएका देशका करोडौं बालबालिकाको जीवनमा सकारात्मक परिवर्तन ल्याउने कार्यमा समर्पित एक अन्तराष्ट्रिय गैरसरकारी संस्था हो । शिक्षित बालबालिकाबाट नै विश्वमा परिवर्तनको थालनी हुन्छ भन्ने मान्यताका साथ सन् २००० मा स्थापित यो संस्थाका कार्यक्रमहरू निम्न आय भएका देशका बालबालिकाको पढाइका लागि सबैभन्दा महत्वपूर्ण दुई समय अवधि : साक्षरता हाँसिल गर्ने प्राथमिक शिक्षाको समय र बालिकाहरूको हकमा माध्यमिक शिक्षाको समयलाई ध्यानमा राखी त्यहाँका विद्यालयहरूमा दिगो रूपान्तरण ल्याउने कार्यमा केन्द्रित छ । हामी बालिकाहरूलाई आफ्नो जीवनका महत्वपूर्ण विषयहरूमा सही निर्णय लिन सक्षम बनाउन र माध्यमिक शिक्षा हाँसिल गराउन सहयोग गर्छौं । साथै प्राथमिक तहका बालबालिकामा साक्षरता सीप विकास गरी उनीहरूमा पढ्ने सीप तथा पढ्ने बानी बसाल्न स्थानीय सरकार, साझेदार संस्था र अभिभावकसँग सहकार्य गर्दछौं ।

नेपालमा हाम्रा कार्यक्रममार्फत ५० लाखभन्दा बढी बालबालिका प्रत्यक्ष लाभान्वित भएका छन् । हामीले आफ्नो साक्षरता कार्यक्रम नुवाकोट, पाल्पा, स्याङ्जा, सल्यान र तनहुँमा लागु गरेका छौँ । बाँके, बर्दिया, तनहुँ, र नुवाकोटमा हाम्रो बालिका शिक्षा कार्यक्रमले त्यहाँका बालिकाहरूलाई विद्यालयमा पढाइ जारी राख्न, माध्यमिक शिक्षा सम्पन्न गर्न र जीवन उपयोगी सीप हाँसिल गर्न सहयोग गरिरहेको छ ।

## युनिसेफ

युनिसेफले विश्वकै सबैभन्दा सीमान्तकृत बालबालिकासम्म पुग्नका लागि विश्वकै चुनौतीपूर्ण क्षेत्रहरूमा काम गर्दछ । १९० भन्दा बढी देशहरू तथा भु-भागहरूमा हामीले हरेक मानिसका लागि समुन्नत संसार बनाउन हरेक बालबालिकाका लागि हरेक ठाउँमा काम गर्छौं ।

## सहजकर्ताको भनाइ

हाम्रो आफ्नै शब्दमाः मेरी नायिका बीस जना किशोर लेखकहरूको अन्तर आत्माको आवाज हो । यी कथाहरू यस्तो बेला लेखिएका छन्, जुन बेला सिंगो विश्वलाई नै महामारी सँग जुध्नु परिरहेको छ । यसले मानिसको मानसिक स्वास्थ्यमा पारेको प्रभाव, अझ विशेष गरी बालबालिकामा पर्नगएको प्रभाव, अत्यन्त चिन्ताजनक छ । यस्तो समयमा बालबालिकाको आवाज सुन्नु निकै नै महत्त्वपूर्ण कुरा हो ।

यस सङ्कलनमा लिङ्गका आधारमा हुने भेदभाव, शिक्षाको महत्व, बुलिंग र मानसिक स्वास्थ्य जस्ता विषयवस्तु भएका कथाहरू समावेश गरिएका छन् । यी कथाहरूको प्रयोग केवल बालबालिकाले मनोरञ्जनका लागि मात्र नभएर घरमा आमाबुबा र विद्यालयमा शिक्षकहरूले पनि यी महत्वपूर्ण विषयहरूमा कुराकानी सुरू गर्न सहयोगी स्रोतका रूपमा प्रयोग गर्न सक्नुहुनेछ ।

यो पुस्तक मुख्यतः किशोरकिशोरीका लागि लक्षित भए तापनि वयस्कहरूले पनि यो पुस्तक पढ्न सक्नु हुनेछ । बालबालिकाले कस्तो महसुस गर्छन् र के-कसरी सोच्ने गर्छन् भन्ने बारे अझ बढी थाहा पाउनु हुनेछ भन्ने हाम्रो अपेक्षा रहेको छ । त्यसबाहेक, वयस्कहरूलाई पनि यी कथाहरूका माध्यमबाट आफ्ना बाल्यकालका अनुभवसँग पुनः परिचित हुने मौका प्राप्त हुने छ ।

**अनुराधा**
कथालेखन कार्यशाला सहजकर्ता तथा सम्पादक

बालबालिका र बालबालिकाको साहित्यको लागि सामग्री तयार गर्न चित्रकारहरूले प्रायजसो वयस्क लेखहरूसँग सहकार्य गर्ने गर्दछन्, तर युवाहरूले सिर्जना गरेका सामग्रीमा काम गर्ने अवसर धेरै कम रहेको हुन्छ । यो परियोजनाले युवाहरूको सोच तथा भावना र उनीहरूले वर्तमान अवस्थामा सामना गरिरहेको परिस्थिति बारेको अभिव्यक्ति रहेको सङ्ग्रहमा कार्य गर्न युवा लेखक र चित्रकारबीचको सहकार्यलाई अभिवृद्धि गरेको छ । साथै चित्रकारहरूलाई युवाहरूको मन र जीवनमा प्रवेश गरेर हेर्ने मौका प्रदान गरेको छ । यी महत्वपूर्ण आवाजलाई चित्रहरूमा रूपान्तरण गरी व्याख्या गर्नु र पाठकहरूको कल्पनालाई कैद गर्नु चित्रकारहरूको लागि एउटा रोचक चुनौती हुनेछ । लेखाइ र कलाकृतिको सुन्दर र अनुपम मेल भएको यो पुस्तकले पाठकहरूको लागि धेरै अर्थहरू पैदा गर्नेछ भन्ने हामी आशा गर्दछौं ।

**वीरांगना कमिक्स समूह**
कला सहजकर्ता

## सहजकर्ताहरूको बारेमा

### अनुराधा

अनुराधा बालपुस्तक लेखक, सम्पादक र अनुवादक हुन् । उनी लेखक र चित्रकारहरूका लागि कार्यशाला पनि सञ्चालन गर्छिन् । उनी त्यस्ता कथाहरू लेख्छिन्, जस्ले मनोरन्जन प्रदान गर्नेका साथै विभिन्न व्यक्ति र समूह बारेको धारणालाई सम्बोधन गर्ने र विभिन्न सामाजिक मुद्दाहरूमा कुराकानी सुरू गर्न सहयोग पनि पुऱ्याउँछ । अनुराधा बालसाहित्यमा पीएचडी गर्दैछिन् । हाल उनी महिनावारी स्वास्थ्यसम्बन्धी पुस्तक परियोजनामा पनि संलग्न छिन् । हाम्रो आफ्नै शब्दमा परियोजनामा अनुराधाको भूमिका कार्यशाला सत्रहरूको नेतृत्व गर्ने, लेखकहरूलाई मेन्टरिङ्ग गर्ने र कथाहरू सम्पादन तथा अनुवाद गर्ने थियो ।

### वीरांगना कमिक्स

वीरांगना कमिक्स, नेपाली कमिक्स सिर्जना गर्ने चित्रकारहरूका लागि अर्धवार्षिक कमिक्स प्रकाशन गर्ने एउटा मञ्च हो । कमिक्स प्रकाशनका साथसाथै सामुहिक रूपमा वीरांगनाले बालबालिका र युवाका लागि आफ्नै कमिक्सहरू सिर्जना गर्न तथा कमिक्सलाई कसरी कथा, इतिहास र शिक्षा जस्ता अन्य कुराहरूको प्रसार गर्ने उपकरणको रूपमा प्रयोग गर्न सकिन्छ भन्ने बारेमा कार्यशाला सञ्चालन गर्दछ । हाम्रो आफ्नै शब्दमा परियोजनामा वीरांगनाले २० जना चित्रकारहरूका साथमा किशोर लेखकहरूले लेखेका कथाहरूका लागि चित्र कोर्ने कार्यको नेतृत्व गरेको थियो ।

# कार्यक्रमको बारेमा

## हाम्रो आफ्नै शब्दमा: मेरी नायिका

**हाम्रो आफ्नै शब्दमा** कला तथा शिक्षा कार्यक्रम अन्तर्गत ब्रिटिश काउन्सिलद्वारा आरम्भ गरिएको र रूम टु रिड नेपाल र युनिसेफ नेपालको सहयोगमा आयोजना गरिएको कार्यक्रम हो । यस कार्यक्रमले किशोरकिशोरीलाई आफ्नो लेखन कलामा सुधार गर्नुका साथै उनीहरूको दैनिक जीवनका बारेमा सामाजिक विषयवस्तुमा आधारित छोटा काल्पनिक कथा लेख्न मञ्च प्रदान गर्दछ ।

यस पुस्तकमा समावेश लेखकहरू, कथा पठाउनका लागि गरिएको खुला आह्वानबाट आएका ९० भन्दा बढी नेपाली बालबालिकामध्येबाट छानिएका हुन् । त्यसपछि, उनीहरूले श्रृत्तलाबद्ध कार्यशाला सत्रहरूमा कथा लेखनका साथै लिङ्ग र मानसिक स्वास्थ्यलगायत अन्य विषयहरूका छलफलमा भाग लिए । उनीहरूका कथाहरूलाई अन्तिम रूप दिएर चित्रकारसँग साझेदारी गरियो । जसको परिणाम स्वरूप यो पुस्तक तयार भएको हो ।

# लिंकहरू

## ब्रिटिश काउन्सिल नपाल

www.britishcouncil.org.np/
www.facebook.com/BritishCouncilNepal
www.twitter.com/npBritish
www.instagram.com/npbritish/

## रूम टु रिड

www.roomtoread.org/countries/nepal/program-highlights/
www.facebook.com/RoomtoReadNepal
www.twitter.com/RoomtoRead
www.instagram.com/roomtoreadnepal/

## युनिसेफ

www.unicef.org/nepal/
www.facebook.com/unicefnepal
www.twitter.com/unicef_nepal
www.instagram.com/unicefnepal/

## वीरांगना कमिक्स

www.viranganacomics.com/
www.facebook.com/viranganacomics
www.instagram.com/viranganacomics/

## अनुराधा

www.facebook.com/profile.php?id=100063626624292

BRITISH COUNCIL

यस पुस्तकमा भएका छोटा कथाहरू मसरूम राज्यदेखि लक्ष्मणवा गाउँसम्म र एउटा अनौठो थर भएकी केटीदेखि अनुहारमा दाग भएकी केटीको कथासम्मका अनौठा र साधारण कथाहरूको मिश्रण हो । यस सङ्ग्रहले तपाईँलाई थुप्रै यात्राहरूमा लैजानेछ । शिक्षा अधिकारका लागि सङ्घर्ष गरिरहेकी एउटी केटीदेखि आफ्नो मृत दिदीको डायरी भेट्टाउने केटीसम्म युवा लेखकहरूद्वारा लिखित यी १० कथाहरूमार्फत उनीहरूले तपाईँलाई सबै प्रकारका नायिकाहरूसँग परिचय गराउने छन् ।

साझेदारहरू

Room to Read

unicef

सिर्जनात्मक सहकार्य

Virangana Comics

ANURADHA